भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)

५ नं. प्रदेश, नेपाल

---

## सिलबन्दी दरभाउपत्र आव्हान गरिएको सूचना

*प्रथम पटक प्रकाशित मितिः २०७७।०२।१३*

भूमे गाउँपालिकाको स्वीकृत कार्यक्रम बमोजिम शैक्षिक तालिम केन्द्र स्थापनाका लागि आवश्यक पर्ने कम्प्यूटर, फर्निचर तथा फिक्चर्स र सोलार पावर सिष्टम लगायतका सामानहरु खरिद गर्नुपर्ने भएकोले सम्बन्धित निकायबाट इजाजत प्राप्त इच्छुक फर्महरुबाट निम्न शर्तहरुको अधीनमा रही सिलबन्दी दरभाउपत्र पेश गर्न आव्हान गरिन्छ ।

1. सिलबन्दी दरभाउपत्र दाखिला गर्दा फर्म सञ्चालकको नेपाली नागरिकताको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आव २०७५।०७६ सम्मको करचुक्ता प्रमाणपत्र, नवीकरण इजाजत पत्र र आय कर दर्ता प्रमाणपत्रको १/१ प्रति **नोटरी प्रमाणित** प्रतिलिपी, कारोबार गर्न अयोग्य नभएको र कालो सूचीमा नपरेको स्वघोषणा अनिवार्य पेश गर्नुपर्नेछ ।
2. दरभाउपत्र फाराम वापत नगदै रु. १००० (पछि फिर्ता नहुने गरी) तिरी यस कार्यालयबाट मिति २०७७।०२।२७ गते कार्यालय समयभित्र खरिद गर्न सकिनेछ । खरिद गरिएका सिलबन्दी दरभाउपत्रहरु २०७७।०२।२८ गते दिनको १२:०० बजेभित्र कार्यालयमा पेश गरिसक्नुपर्ने छ ।
3. पेश भएका दरभाउपत्रहरु सोही दिनको ३:०० बजे कार्यालयमा खोलिनेछ । रीतपूर्वक पेश नभएका, म्याद नाघी आएका वा शर्त राखिएका दरभाउपत्रमाथि कुनै कारवाही गरिने छैन । दरभाउपत्रदाता प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।
4. दरभाउपत्रको मान्य अवधि दरभाउपत्र खोलेको मितिदेखि ४५ दिनको हुनेछ ।
5. दरभाउपत्रसाथ कबोल अंकको २.५ प्रतिशत रकम बराबरको क वर्गको वाणिज्य बैंकबाट जारी भएको कम्तीमा ३० दिन म्याद भएको दरभाउपत्र जमानत (Bid Security) पेश गर्नुपर्नेछ । दरभाउपत्र जमानत नगदै यस कार्यालयको धरौटी खातामा पनि जम्मा गर्न सकिनेछ ।
6. दरभाउपत्र खरिद गर्ने र पेश गर्ने दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट हुनेछ । यसो भए तापनि दरभाउपत्र जमानत र दरभाउपत्रको मान्य अवधि माथि उल्लेखित नै हुनेछ ।
7. दरभाउपत्र स्वीकृत गर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ ।
8. यस सूचनामा उल्लेख नभएको सम्बन्धमा प्रचलित नियम कानून बमोजिम हुनेछ । थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

| दरभाउपत्र.नं. | विवरण | अनुमानित ल.इ. रकम (भ्याट समेत) | कैफियत |
|---|---|---|---|
| SQ03/GOODS/076/077 | शैक्षिकतालिम केन्द्रका लागि कम्प्यूटर ढुवानी तथा जडान | १८९६८४०।- | |
| SQ04/GOODS/076/077 | शैक्षिक तालिम केन्द्रका लागि सोलार सिष्टम ढुवानी तथा जडान | १२९१४८४।- | |
| SQ05/GOODS/076/077 | शैक्षिक तालिम केन्द्रका लागि फर्निचर निर्माण, ढुवानी तथा जडान | ८१८४२०।- | |

प्रमुख प्रशासकीय अधिकृत

भूमे गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

खाबाङबगर, रुकुम (पूर्व)

५ नं. प्रदेश, नेपाल

**सिलबन्दी दरभाउपत्र आव्हानको म्याद थप गरिएको सूचना**

*प्रथम पटक प्रकाशित मितिः २०७७/०१/२९*

यस कार्यालयबाट मिति २०७७।०१।२९ गतेको मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित गाउँपालिकाको स्वीकृत कार्यक्रम बमोजिम तोकिएका विद्यालयहरुमा कम्प्यूटर ल्याब, स्मार्ट बोर्ड स्थापना र बालमैत्री कक्षा व्यवस्थापन गर्न कम्प्यूटर, स्मार्ट बोर्ड र बालमैत्री कक्षा व्यवस्थापनका लागि फर्निचर लगायतका सामानहरु खरिदका लागि सिलबन्दी दरभाउ आव्हान मार्फत दरभाउपत्र नं. SQ01/GOODS/076/077 र SQ02/GOODS/076/077 बाट आव्हान गरिएको सिलबन्दी दरभाउपत्रको दरभाउपत्र खरिद गर्नुपर्ने अन्तिम मिति २०७७।०२।१२ गते र दरभाउपत्र खोलिने मिति २०७७।०२।१३ गते तोकिएकोमा उल्लिखित दरभाउपत्रहरुको म्याद थप गरी दरभाउपत्र खरिद गर्ने अन्तिम मिति २०७७।०२।१९ गते कार्यालय समयभित्र र पेश गर्ने मिति २०७७।०२।२० गते दिउँसो १२ बजेभित्र र खोल्ने मिति सोही दिनको दिउँसो ३:०० बजे तोकिने गरी म्याद थप गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**प्रमुख प्रशासकीय अधिकृतक**